CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

# CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

## १२औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८ पौष ७ गते, बुधवार)**

**आदरणीय शेयरधनी महानुभावहरू,**

मिति २०७८ साल पौष ५ गते सोमवार बसेको यस कम्पनीको संचालक समितिको २७ औं बैठकले निर्णय गरे अनुसार यस कम्पनीको १२ औं वार्षिक साधारण सभा निम्न लिखित मिति,स्थान र समयमा निम्न बिषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन,२०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने :**

**मिति** : २०७८ साल पौष २९ गते विहिवार (तदनुशार जनवरी १३, २०२२)
**समय** : दिनको ११.०० बजे
**स्थान** : चन्द्रागिरि हिल्स लिमिटेडको कार्यालय थानकोट, टप स्टेशन परिसरमा ।

(कोभिड-१९ संक्रमणको जोखिमको कारण नेपाल सरकारले स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड अपनाउन तथा भिडभाड नगर्न आग्रह गरेकाले स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड परिपालना गर्दै सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण शेयरधनी महानुभावहरू भर्च्युअल (Zoom) मार्फत समेत सहभागि हुनसक्ने गरी Meeting ID/ Password को व्यवस्था गरिएको छ । )

**छलफलका विषयहरू :**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत बाह्रौ वार्षिक प्रतिबेदन पारीत गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वासलात,नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तिय विवरण स्वीकृत गर्ने ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजीम आ.व.२०७८/०७९ को लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) सर्वसाधारण शेयरधनीवाट एक जना संचालकको निर्वाचन गर्ने ।
५) स्वतन्त्र संचालक नियुक्ति गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**

१. चन्द्रागिरि हिल्स लिमिटेडको प्रवन्धपत्रको दफा ४ (१) मा कम्पनीको उद्देश्यमा थप गरी संसोधन गर्ने र उक्त संसोधनमा नियमक निकायबाट सुझाव वा निर्देशन भएमा सो बमोजिम आवश्यक संसोधन वा परिमार्जनका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

**संचालक समितिको आज्ञाले**
झलक राज शर्मा
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. १२औं साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयरधनी दर्ता किताब मिति २०७८/०९/१६ गते एक दिन बन्द रहने छ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा बुकक्लोज भन्दा अगाडीको दिनसम्म कारोवार भई नियमानुसार यस बैकको शेयर रजिष्ट्रार ग्लोबल आईएमइ क्यापिटल लिमिटेड नक्साल, काठमाडौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन पाउने छन् ।
२. यस कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरूले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । नाबालक शेयरधनीहरूको तर्फबाट नाबालकको संरक्षण वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन । शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
३. हाल विश्वव्याापी महामारीको रुपमा कायम रहेको कोरोना भाईरस संक्रमणलाई ध्यानमा राखि यथासंभव् भिडियो कन्फेरेन्स (Virtual Zoom Meeting ) मार्फत सभामा भाग लिनुहुन वा कम भीडभाड हुने गरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी प्रतिनिधि मार्फत सभामा भाग लिनुहुन अनुरोध गर्दछौ । अनलाईन (भर्चुअल) माध्यमबाट सभामा उपस्थित भै आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरूले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १० बजे देखि दिनको ४ बजे भित्र jhalak.sharma@chandragirihills. com वा www.chandragirihills.com वा ९८०२०६९९०५ मा फोन गरी आफ्नो नाम र इमेल ठेगाना टिपाउनु पर्ने छ र त्यसरी सर्म्पक गर्नुहुने शेयरधनी महानुभावहरूलाई Meeting Id र password उपलब्ध गराईनेछ ।
४. संयूक्त रुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरूद्धारा मनोनित गरिएको साझेदारले वा निजहरूले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।
५. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुने छ ।
६. प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको कार्यालय थानकोट, काठमाण्डौमा बुझाई सक्नुपर्नेछ ।
७. एकै शेयरधनीले एक भन्दा वढि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी बैंकको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो वाहेकको प्रोक्सी मान्य हुने छैन । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी स्वयम् सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नुभएमा अगाडी दिइएको प्रोक्सी स्वतः वदर हुनेछ ।
८. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषय वारे सभा हुनु भन्दा ७ दिन अगावै यस कम्पनीको थानकोट काठमाण्डौ स्थित कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।
९. सञ्चालक निर्वाचन सम्वन्धि विस्तृत कार्यक्रम निर्वाचन अकिकृत मार्फत कम्पनीको थानकोट काठमाण्डौ स्थित कार्यालयको सूचना पाटीमा सभा हुनुभन्दा १० दिन अगावै टाँस गरिनुका साथै कम्पनीको आधिकारिक वेवसाईट www.chandragirihills.com मा समेत उपलब्ध गराइने छ ।
१०. आफ्नो परिचयपत्र सहित कम्पनीले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाण पत्र वा कम्पनीको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता (DEMAT Account) को विवरण (BOID Statement) प्रस्तुत गरेपछि मात्र सभामा भाग लिन पाईनेछ ।
११. शेयरधनी महानुभावहरूको सुविधाको लागि सभा हुने दिन बिहान ९:०० बजेदेखि हाजिर पुस्तिका खुल्ला रहने तथा सभा शुरु हुनुभन्दा अगावै ZOOM खुल्ला गरिनेछ ।

**द्रष्टव्य :** कम्पनीको वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनलाईन माध्यमबाट पठाईनेछ । कारणवश उक्त प्रतिवेदन प्राप्त हुन् नसकेमा कम्पनीको रजिष्टार्डको कार्यालय पानी पोखरी वा कम्पनीको कार्यालय थानकोट काठमाण्डौबाट प्राप्त गर्न सक्नुहुनेछ । साथै साधारणसभासंग सम्वन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरू यस कम्पनीको वेवसाईट www.chandragirihills.com मा पनि राखिएको हुँदा त्यहाँवाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौ ।

### प्रतिनिधि - पत्र (प्रोक्सी फाराम )

श्री सञ्चालक समिति
**चन्द्रागिरि हिल्स लिमिटेड**
थानकोट, काठमाण्डौ ।

**विषय : प्रतिनिधि नियुक्त गरेको वारे ।**

महाशय ,

......................................जिल्ला .................................................. न.पा./गा.पा. वडा नं .............बस्ने म/हामी................................................................................ ले त्यस चन्द्रागिरि हिल्स लिमिटेडको शेयरधनीको हैसियतले २०७८ पुस महिना .........गते............................बार हुने बाह्रौ वार्षिक साधारण सभामा उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ..........................................जिल्ला ..................................... न.पा./गा.पा. वडा नं ....................बस्ने त्यस कम्पनीको शेयरधनी श्री ..........................................................................शेयरधनी नं /BOID No .......................................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनयन गरी पठाएको छु/छौ ।

**निवेदक**
दस्तखत : .......................
नाम : ...........................
ठेगाना : ........................
शेयरधनी नं BOID No : .....................
शेयर संख्या : ............................
मिति : .......................................

**द्रष्टव्य :**
१) प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा शेयरधनी वाहेक अरुलाई गर्न पाईने छैन ।
२) यो निवेदन साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालय थानकोट, काठमाडौंमा पेश गरि सक्नुपर्नेछ ।

.......................................................................................................................

### प्रवेश पत्र

शेयरधनी नं BOID No.....................
शेयरधनीको नाम..............................
शेयर संख्या :............................

२०७८ साल पुस महिना २९ गते, बिहीवार यस कम्पनीको बाह्रौ साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

............................ ......................
शेयरधनीको हस्ताक्षर आधिकारिक दस्तखत

**द्रष्टव्य :**
१) शेयरधनी आफैले खाली कोष्ठहरू भर्नु होला ।
२) सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र अनिवार्य रुपमा लिई आउनुहुन अनुरोध छ ।